नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# सूचना प्रविधि विभाग

बबरमहल, काठमाडौं

## सूची दर्ता गर्ने सम्बन्धी सूचना

(प्रकाशित मितिः २०८३/०४/०१)

यस विभागका लागि आ.व. २०८३/८४ को अवधिलाई आवश्यक पर्ने तपसिल बमोजिमका विभिन्न कार्य तथा सेवाहरू आपूर्ति गर्नका लागि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ बमोजिम छुट्टाछुट्टै रुपमा मौजुदा सूची (Standing List) तयार गर्नुपर्ने भएको हुँदा सो कार्यका लागि सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम योग्यता पुगेका ईच्छुक ईजाजत प्राप्त व्यक्ति, फर्म, कम्पनी र सप्लायरहरूले सार्वजनिक खरिद नियमावली २०६४, को नियम १८ को उपनियम (१) मा उल्लिखित कागजातहरूको प्रतिलिपि संलग्न गरी सोही नियमावलीको अनुसूची २ (क) बमोजिमको ढाँचामा यस विभागमा निवेदन दर्ता गराउनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

### आवश्यक कार्य तथा सेवाहरूको विवरण

१. सफ्टवेयर, मोबाईल एप, वेब एप्लिकेसन एवं सुरक्षा प्रणाली निर्माण, जडान तथा सञ्चालन, सपोर्ट सम्बन्धी सेवा,
२. सूचना प्रविधि सम्बन्धी नीतिगत, कानुनी र संरचनागत सुधार लागायत सूचना प्रविधी सम्बन्धी अध्ययन, अनुसन्धान एवं परामर्श सम्बन्धी सेवा,
३. सूचना प्रविधि सम्बन्धी पूर्वाधार निर्माण गर्न आवश्यक अध्ययन, अनुसन्धान एवं परामर्श सम्बन्धी सेवा,
४. सूचना प्रविधि सम्बन्धी भेन्चर फन्डिङ्ग, बिजनेस डेभलपमेन्ट, स्टार्ट अप सपोर्ट, बिजनेस इन्कुवेसन, प्रविधि इन्कुवेसन सम्बन्धी सेवा,
५. ईन्टरनेट, टेलिफोन, केवल टी.भी., चिठ्ठि पत्र वितरण, यातायात र ढुवानी लागायत कनेक्टिभिटी सम्बन्धी सेवा,
६. तालिम, क्षमता विकास, संस्थागत विकास सम्बन्धी सेवा,
७. छपाई, प्रकाशन, प्रसारण, फोटोग्राफी, भिडियोग्राफी, ग्राफिक्स डिजाईन, एनिमेसन, विज्ञापन सम्बन्धी सेवा,
८. सरसफाई, बगैंचा सुधार तथा सुरक्षा सम्बन्धी सेवा,
९. इन्टरनेट नेटवर्क जडान र मर्मत सम्बन्धी कार्य,
१०. टेलिफोन नेटवर्क र इलेक्ट्रिकल प्रणाली जडान, पार्टपूर्जा आपूर्ति, मर्मत सम्बन्धी कार्य,
११. कम्प्युटर, ल्यापटप,प्रिन्टर, फोटोकपी जस्ता विद्युतीय उपकरण तथा मेशिनरी औजार, पाट्र्स आपूर्ति तथा मर्मत सम्बन्धी कार्य,
१२. सवारी साधन मर्मत एवं स्पेयरपार्टस आपूर्ति सम्बन्धी कार्य,
१३. फर्निचर तथा फर्निसिङ्ग आपूर्ति र मर्मत सम्बन्धी कार्य,
१४. स्टेशनरी तथा कार्यालय सामान आपूर्ति सम्बन्धी कार्य,
१५. भवन तथा पूर्वाधार निर्माण मर्मत तथा सम्भार सम्बन्धि कार्य,
१६. खाजा र पानी आपुर्ति सम्बन्धी कार्य,
१७. पुस्तक, पत्रपत्रिका, जर्नल लगायतका पाठ्यसागग्री आपुर्ति सम्बन्धी कार्य,
१८. सवारी साधन खरिद सम्बन्धी कार्य,
१९. ईन्धन आपुर्ति सम्बन्धि कार्य।

### निवेदनसाथ संलग्न हुनुपर्ने कागजातहरु

१. संस्था वा फर्म दर्ताको प्रमाणपत्रको फोटोकपी,
२. स्थायी लेखा नम्बर/मु.अ.कर दर्ता प्रमाणपत्रको फोटोकपी,
३. अद्यावधिक करचुक्ता प्रमाणपत्रको फोटोकपी,
४. व्यवसायिक इजाजत पत्रको फोटोकपी,
५. प्रचलित कानूनबमोजिम अयोग्य नभएको वा कालोसूचीमा नपरेको व्यहोरा फर्मकम्पनी वा संस्था स्वयंले घोषणा गरी निवेदन दिनुपर्नेछ।

**द्रष्टव्यः** माथि उल्लिखित प्रत्येक कार्य तथा सेवाहरुको छुट्टाछुट्टै निवेदन दर्ता गराउनुपर्नेछ। रीत नपुगी आएका निवेदनहरुलाई मान्यता दिईने छैन। प्राप्त निवेदनहरु मौजुदा सूचीमा दर्ता गर्ने अधिकार यस विभागमा रहनेछ।